# शितलहर आकस्मिक योजना

**२०७७**

## (Cold Wave Contingency Plan, 2077)

## राजापुर नगरपालिका

## बर्दिया, जिल्ला

## लुम्बिनी, प्रदेश





**शितलहर आकस्मिक योजना, २०७७**

© राजापुर नगरपालिका

प्रथम प्रकाशन, *डिसेम्बर २०२०*
लुम्बिनी प्रदेश, नेपाल
सम्पर्क नम्बर: ०८४-४६०१११,०८४-४६०१६७
इमेल: ito.rajapurmun@gmail.com
वेबसाइट: www.rajapurmun.gov.np

# बिषय-सूची


१ पृष्ठभूमी ........ ३

१.१ राजापुर नगरपालिकाको हावापानीको अवस्था ........ ४

१.२ उद्देश्य ........ ५

२ प्रस्तावना ........ ५

२.१ राजापुर नगरपालिकाको नक्सा ........ ५

३ राजापुर नगरपालिमा शितलहरका घटनाहरु ........ ६

४ शितलहर वाट प्रभावित हुन सक्ने क्षेत्रहरु ........ ७

४.१ राजापुर नगरपालिकाको शितलहरबाट प्रभावित हुन सक्ने वार्ड/क्षेत्रहरु ........ ७

५ पँहुच ........ ७

६ विपद् परिदृश्य तथा योजना अवधारणाहरु ........ ८

७ समन्वय तथा जिम्मेवारी ........ ८

८ पूर्वतयारी प्राथमिकता ........ ९

९ न्युनतम तापक्रमको इतिहास ........ १०

१० राजापुर नगरपालिकामा परिचालन हुनसक्ने जनशक्ति क्षमता ........ ११

११ राजापुर नगरपालिकामा उपलब्ध राहत सामाग्री विवरण ........ ११

१२ राजापुर नगरपालिकामा रहेका निकायहरूको भूमिका तथा जिम्मेवारी ........ १२

१३ प्रतिकार्य सम्बन्धी क्रियाकलापको विवरण ........ १४

१४ राजापुर नगरपालिकामा रहेका अगुवा सदस्य हरूको विवरण ........ १५

१५ शितलहरवाट जोखिम न्यूनिकरण गर्ने पूर्व तयारीहरु ........ १६

# १ पृष्ठभूमी

नेपाल एक बहु-प्रकोपका घटनाहरुबाट उत्पन्न विपद्को अत्याधिक जोखिममा रहेको मुलुक हो। यहाँ प्रत्येक वर्ष बाढी, पहिरो, चट्याङ्ग, आगलागी, सडक दुर्घटना तथा महामारी जस्ता प्राकृतिक तथा गैर-प्राकृतिक घटनाहरु घट्छन्। यसबाट ठूलो जनधनको क्षति तथा नोक्सानी हुने गरेको छ। मुलुक विषम भू-बनावट, भौगर्भिक अवस्था, मौसमी विषमता तथा जलवायू परिवर्तनका कारण भूकम्प, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, चट्याङ, खडेरी, हिमपात, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अतिबृष्टि, अनावृष्टि, हुरी बतास, शितलहर, तातो हावाको लहर, वन डढेलो लगायतका प्राकृतिक प्रकोपहरुबाट प्रभावित छ। यसै गरि सडक दुर्घटना, महामारी, अनिकाल, कीट वा सूक्ष्म जीवाणु आतंक, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, प्यान्डामिक फ्लु जस्ता विश्वव्यापी रुपमा  हुनसक्ने महामारी बाट प्रभावित छ। सर्पदंश, जनावर आतंक, खानी, हवाई, जल वा औद्योगिक दुर्घटना, आगलागी, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनास वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना लगायतका गैरप्राकृतिक प्रकोपबाट समेत नेपाल प्रभावित हुने गरेको छ। यसवर्ष COVID -19 को संक्रमणले सिंगो विश्व आक्रान्त भइरहँदा यस नगरपालिका पनि यसबाट प्रभावित परेको छ। तथापि तुलनात्मकरुपमा केही कम संक्रमितको संख्या देखिए तापनि जाडोको मौसममा सामाजिक दूरी कायम गरी न्यानोपन का लागि परिवारका सदस्यहरु एकै ठाउँमा बस्ने र समुदायमा पनि एकजुट भएर बस्ने भएकाले कोरोना संक्रमण फैलिरहेको अवस्थामा यसलाई अलि बढी ध्यान दिनुपर्ने अवस्था छ।

राजापुर नगरपालिका तराई भू-भागमा पर्दछ। राजापुर नगरपालिका समुद्री सतहवाट १४२ देखि १५४ मिटरको उचाइमा रहेको छ। नेपालको तराई भू-भागमा जाडोको अत्याधिक नकारात्मक असर पर्दछ। जाडो तथा शीतलहरले प्रत्येकवर्ष हजारौ मानिसहरुलाई प्रभावित गर्दछ।  धुलोको कणहरु सहित जाडोको तरंगले हावालाई चिसो पार्दछ। हाम्रो पछिल्लो अनुभवका अनुसार विशेषगरी जाडो पुस महिनादेखि मध्ये माघ महिनासम्म हुने गरेको पाइन्छ। जमिन सतहबाट करिब २०० देखि ४०० मिटरसम्म ढुसी तथा तुवाँलोले ढाक्दछ सो कारण बिहानमा कम दृश्यता रहन्छ र तापक्रम न्यून हुँदै जान्छ। तापक्रम १० देखि १५ डिग्री सेल्सियससम्म कम हुँदैजाँदा धेरैजसो मानिसहरू हाइपोथर्मीयाका कारण मृत्यु बरण गर्न पुग्दछन्।

जाडोयामको समयमा खास गरी तराईका जिल्लाहरुमा चिसो तथा शितलहरबाट मानिसहरुको असावधानीका कारण वाट हरेक वर्ष स्वास प्रस्वास, रुघाखोकी, निमोनिया जस्ता स्वास्थ्य सम्बन्धि समस्याबाट धेरै मानिसहरु विरामी पर्ने र केही व्यक्तिको मृत्यु समेत हुने गरेको छ। Covid-19 को संक्रमण चिसोका बेला फैलिने र प्रभावितहरूको संख्या झन् बढ्ने विज्ञहरूको भनाइ छ।

बर्दिया जिल्लामा पर्ने राजापुर नगरपालिका विगतका बर्षमा जस्तै मौसमको प्रतिकूल र वातावरणमा आउने परिवर्तनबाट शितलहर सुरु भइसकेको अवस्था छ। Covid-19 को संक्रमण जोखिम न्यूनीकरण गर्दै स्वास्थ्यका मापदण्डलाई पूर्ण पालना गराउँदै जाडोमा यसको जोखिम बढ्न नदिने र विशेषगरी बालबालिका, जेष्ठनागरिक, सुत्केरी, गर्भवतीमहिला दिदीबहिनीहरु लाई झनै बढी असर गर्ने र विशेषगरी कमजोर समुदायका व्यक्तिहरूलाई ध्यान दिनुपर्ने गर्दछ। सीमान्तकृत वर्ग, जनजाती, पिछडिएको क्षेत्रका बासिन्दा लगाएतलाई प्रभाव पर्न सक्ने देखिन्छ। भर्खरै सकिएको मनसुनका कारण कतिपय समुदायहरु बाढीको जोखिममाबाट प्रभावित भएकाले त्यसलाई अझ बढी ध्यान दिनुपर्ने अवस्था रहेको छ।

उक्त वर्ग लाई पर्न सक्ने जोखिमलाई न्यूनिकरण गर्न, आवश्यक श्रोत साधनको पूर्व प्रवन्ध गर्न, सचेतना अभिवृद्धि गर्न, शितलहर प्रभावित परिवारलाई उपलब्ध गराइनु पर्ने उद्धार तथा राहतको कार्यलाई व्यवस्थित र प्रभावकारी वनाउनका लागि यो आकस्मिक कार्ययोजना **नगरकार्यपालिकाको आठौं** बैठक **मिति २०७७/०९/०७/** को निर्णयानुसार तयार पारिएको हो ।

विभिन्न सरोकारवाला निकायहरु, स्थानिय विपद् व्यवस्थापन समिति, वार्ड स्तरीय विपद् व्यवस्थापन समिति, स्वास्थ्य कार्यालय, स्थानीय सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी तथा मानवीय सहयोगको क्षेत्रमा कार्यरत संघ सस्थाहरु तथा विभिन्न सरकारी तथा गैर सरकारी निकाय संघ/सस्थाहरु समेतको सहभागितामा सहयोगको व्यवस्था मिलाउने गरी यो योजना तर्जुमा गरिएको छ ।

## १.१ राजापुर नगरपालिकाको हावापानीको अवस्था

जलवायुको हिसाबले यस नगरपालिका उष्ण तथा उपोष्ण प्रकारको हावापानी रहेको छ। प्रदेशीय हावापानी पाइएता पनि बाह्रौं महिना एकैनासको हावापानी छैन। चैत्र महिनादेखि आश्विन को शुरुवात सम्म गर्मी हुन्छ। आश्विन कार्तिक र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हुन्छ। जेष्ठको अन्त्य देखि आश्विनको सुरुसम्म मनसुनी वायु का कारण प्रशस्त वर्षा हुने गर्दछ। स्थानीयस्तरमा तापक्रम मापनकेन्द्र नभएको हुँदा बर्दिया जिल्लाको तापक्रमलाई आधारमानी राजापुर नगरपालिकाको तापक्रम अनुमान गरिएको छ। गर्मीयाममा यहाँको औसत तापक्रम ४१ डिग्री सेल्सियससम्म पुग्छ भने हिउँदमा औसत ७ डिग्री सेल्सियससम्म पुग्न जान्छ। यस नगरपालिकाको १२ महिनाको औसत तापक्रम विवरण तलको तालिकामा दिएको छ।

**बर्दिया जिल्लाको औषत तापक्रम**




| | जनवरी | फेब्रुअरी | मार्च | अप्रिल | मे | जून | जुलाई | अगस्त | सेप्टेम्बर | अक्टोबर | नोभेम्बर | डिसेम्बर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| औसत अधिकतम (० C) | २३ | ३० | ३५ | ४० | ४१ | ४० | ३७ | ३३ | ३३ | ३३ | ३१ | २७ |
| दैनिक अधिकतम (० C) | १५ | १९ | २३ | २८ | ३२ | ३३ | ३१ | २९ | २७ | २३ | २० | १७ |
| औषत न्यूनतम (० C) | ७ | ८ | ११ | १६ | २३ | २६ | २६ | २५ | २२ | १४ | ९ | ७ |

*(स्रोत: मौसम पूर्वानुमान प्रभाग)*

औसत अधिकतम (० C) दैनिक अधिकतम (० C) औषत न्यूनतम (० C)

## १.२ उद्देश्य

- शितलहरबाट हुन सक्ने क्षतिलाई न्यूनिकरण गर्दै सिमित श्रोत र साधनको अधिकतम उपयोग गरी स्थानिय विपद् व्यवस्थापन समितिवाट गरिने प्रतिकार्य शीघ्र, उपयुक्त र प्रभावकारी बनाउनु।
- विपद्को समयमा प्रभावकारी ढङ्गले प्रतिकार्यमा सहभागी हुनका लागि पद्धति, संरचनाहरु बनाउने तथा उपयुक्त तयारी गर्ने।
- श्रोत तथा क्षमतामा कमी तथा संरचनाहरुमा क्षति हुँदा पनि प्रभावकारी प्रतिकार्यमा स्थानिय विपद् व्यवस्थापन समिति, वार्ड स्तरीय विपद् व्यवस्थापन समिति र जिल्ला विपद् व्यवस्थापन समिति प्रतिकार्य सम्बन्धी कार्यहरु सुचारु बनाउने।
- आपतकालीन प्रतिकार्यका लागि प्रभावकारी प्रवेश, परिचालन, स्थानिय विपद् व्यवस्थापन समिति र स्थानिय तहमा गठित वार्ड स्तरीय विपद् व्यवस्थापन समिति लगायत सबै प्रकारका संरचनाहरुको प्रयोग सुनिश्चित गर्नका लागि प्रकृयाहरु स्थापित गरिने।
- चिसोको समयमा समेत Covid-19 को सङ्क्रमण रोक्न स्वास्थ्य मापदण्डलाई पूर्ण रुपमा पालना गराउने।

# २ प्रस्तावना

यस दस्ताबेजले स्थानिय विपद् व्यवस्थापन समिति र वार्ड स्तरीय विपद् व्यवस्थापन समितिको तहमा विपद्को समयमा पुरा गर्नुपर्ने कार्यहरुको व्यावहारिक चित्र प्रदान गर्ने प्रयास गरेको छ। यो एउटा साधारण राजापुर नगरपालिकाको शीतलहर प्रतिकार्य योजना, २०७७ हो। यो योजना शितलहरको समयमा प्रयोग गर्न सकिन्छ। आवश्यकता अनुसार थप परिमार्जन र परिस्कृत गर्दै लगिने गरी तयार गरिएको छ। यस योजनामा प्रतिकार्य योजना पुरा गर्नका लागि अपनाइने चरणहरुको विस्तृत रुपमा व्याख्या गरिएको छ ।

## २.१ राजापुर नगरपालिकाको नक्सा



तल देखाइएको नक्सामा राजापुर नगरपालिकाको जनसंख्या चित्रण देखाइएको छ।




## ३ राजापुर नगरपालिमा शितलहरका घटनाहरु

राजापुर नगरपालिका तराईको भूभागमा अवस्थित छ। जहाँ शितलहरको घटनाहरु बढी देखिने गर्दछ। साथै, यस क्षेत्रमा हिउँदको समयमा मंसिर महिना देखि माघ, फाल्गुनसम्म बाक्लो हुस्सु लाग्ने र अत्यधिक चिसो हुने गर्दछ। चिसोबाट केटाकेटी र बृद्धबृद्धा, गरीब परिवार, महिला, जेष्ठ नागरिकलगायतका वर्ग शितलहरको उच्च जोखिममा रहेका हुन्छन्। राजापुर नगरपालिकामा विगत लामो समय देखि जाडो याममा स्थानिय विपद् व्यवस्थापन समिति, वार्ड स्तरीय विपद् व्यवस्थापन समिति, तथा अन्य गैर-सरकारी सस्थाहरुले वढि प्रभावित बस्तीमा विभिन्न किसिमका सहयोग गर्दै आएको देखिन्छ। स्थानीय सरकार स्थापना भएदेखि नै नगरपालिकाका विभिन्न वडाहरुमा शीतलहरको बेला जोखिममा रहेका वर्गहरुलाई सहयोग गर्दै आएको देखिन्छ। जोखिममा रहेका व्यक्तिहरुलाई न्यानो कपडा तथा कम्मल दिने गरेको पाइन्छ। यस नगरपालिकामा शीतलहरका कारण धेरैको मृत्यु नभएतापनि हरेक वर्ष जोखिममा रहेका समुदायहरु प्रभावित पर्दै आएका छन्। २०७४ सालमा बर्दिया जिल्लाका विभिन्न गाउँपालिका/नगरपालिकामाहरुमा शितलहरका कारण लगभग १९ जनाको मृत्यु समेत भएको थियो।

# ४ शितलहर वाट प्रभावित हुन सक्ने क्षेत्रहरु

## ४.१ राजापुर नगरपालिकाको शितलहरबाट प्रभावित हुन सक्ने वार्ड/क्षेत्रहरु

राजापुर नगरपालिकाका १० वटै वडामा एक किसिमको मौसम भएका कारण सबै वडाहरुमा शीतलहरले एकै किसिमको प्रभाव पर्ने देखिन्छ। तथापि, राजापुर नगरपालिका दुई ठूला नदीहरूको बीचमा अवस्थित भएका कारण ती नदीहरूको छेउमा रहेका वडा/क्षेत्रहरु बढी प्रभावित हुने देखिन्छ। त्यसैगरी जोखिम घरधुरीहरुको संख्याको आधारमा वडा न. ४,१०,१,५ र ७ बढी प्रभावित हुने देखिन्छ। जुन विपन्न, गरिबी र सुकुम्बासी बस्तीहरू भएका कारण बढी प्रभावित हुने देखिन्छ।

प्रस्तुत तथ्याङ्क विशेष गरी बालबालिका, जेष्ठनागरीक, सुत्केरी, गर्भवती, तथा २०७५ सालको नगरस्तरीय जनसंख्याको विवरणले देखाउँछ। त्यसैगरी वाढीवाट प्रभावित भएको तथ्याङ्कको आधारमा समेत वर्गहरूको पहिचान देखाउँछ। बर्दिया जिल्लाका विभिन्न गाउँपालिका/नगरपालिकामाहरुमा शितलहरका कारण ६,५०० घर परिवारहरु जाडोबाट प्रभावित हुनसक्ने आकलन गरिएको छ। यसैगरी यस राजापुर नगरपालिकामा पनि शीतलहरका कारण यस वर्ष जोखिममा रहेका लगभग ७७९ घरधुरीहरु का ५,८४२ व्यक्तिहरु प्रभावित पर्ने देखिन्छ। यद्यपी लामो अवधि सम्म शितलहर भै रह्यो भने यो तथ्यांक बढ्न सक्ने देखिएको छ।

| वडा न. | प्रभावित हुन सक्ने | | | जम्मा | सम्भावित प्रभाव स्तर |
|---|---|---|---|---|---|
| | घरधुरी संख्या | सदस्य संख्या | | | |
| | | पुरुष | महिला | | |
| १. | ७६ | ४०० | २२२ | ६२२ | ३ |
| २. | ५९ | १७८ | ३९४ | ५७२ | ६ |
| ३. | ३८ | २८४ | २८६ | ५७० | ७ |
| ४. | १६४ | ३६० | ३८२ | ७४२ | १ |
| ५. | ७१ | १७० | ४२१ | ५९१ | ४ |
| ६. | ७४ | ३७६ | २०० | ५७६ | ५ |
| ७. | ४८ | १९८ | २१३ | ४११ | १० |
| ८. | ९३ | ३२८ | २११ | ५३९ | ९ |
| ९. | ७७ | ३८७ | १६१ | ५४८ | ८ |
| १०. | ७९ | ४२८ | २४३ | ६७१ | २ |
| जम्मा | ७७९ | ३१०९ | २७३३ | ५८४२ | |

# ५ पँहुच

राजापुर नगरपालिकामा बिगतका दिनका अनुभवहरुलाई केलाउँदा शितलहरको समयमा एक ठाउँ देखि अर्को स्थान सम्म जान-आउन निकै कठिन हुने गरेको पाइएको छ। विशेषगरी बिहान र साँझको समयमा अत्याधिक हुस्सु र कुहिरो लाग्ने भएका कारणले जनस्तरमा सामान्य काम समेत गर्न नसक्ने अवस्था आउने गर्दछ।

अझ बिहानपखको काममा अत्याधिक मात्रामा चिसो हुने कारणले गर्दा प्राय काम दिउँसो तिर्ने गरेको पाइन्छ। त्यसैगरी साझमा पनि अत्याधिक चिसो हुने कारणले गर्दा समुदायका व्यक्तिहरु चाँडै नै कामबाट घर फर्किने गरेको पाइन्छ।

- शितलहरको समयमा नगरको सवै जसो स्थानहरुमा बाक्लो हुस्सु तथा शितलहरका कारण भिजिविलिटि कमि भई सडक दुर्घटना हुँदा यातायातको साधन प्रयोग गर्दा त्रासको महसुस गर्ने गरिएको।
- अत्याधिक चिसोको कारण घर देखि वाहिर निस्कन नसक्ने अवस्था रहने गरेको।
- चिसोको कारण लक्षण सहितका Covid-19 को बिरामीहरुको सख्या बढ्न सक्ने अबस्था आईपर्न सक्ने देखिएको।
- बालबालिकाको स्कुल जानुपर्ने भएकाले अत्याधिक चिसोका कारण पठनपाठनमा समेत असर गर्ने गर्दछ।
- निम्न आय भएका घर परिवारहरु न्यानो कपडाको जोहो गर्न नसक्ने रहेको।
- दिनहुँजसो ज्याला मजदुर गर्ने कामदारहरु लाई काम गर्न कठिनाइ हुने भएको।

## ६ विपद् परिदृश्य तथा योजना अवधारणाहरु

विभिन्न प्रकारका प्रकोपबाट उत्पन्न हुने विपद्बाट प्रभावित जिल्लाको सूचीमा बर्दिया पर्ने गरेको छ। यसै बर्दिया जिल्लामा पर्ने राजापुर नगरपालिका पनि पूर्ण रुपमा शीतलहरका कारण प्रभावित हुनेगर्दछ। हरेक वर्ष बाढी, आगलागी, शितललहर, हावाहुरी, जनावरको आक्रमण र सडक दुर्घटना, सर्पदंश जस्ता प्राकृतिक तथा गैर-प्राकृतिक विपद्का कारण जनधनको क्षति हुने गरेको छ। स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७ मा प्रकोपलाई स्तरीकरण गर्दा ७ तौ स्थानमा देखिएको छ। चिसोका बखत Covid-19 को संक्रमण रोक्न स्वास्थ्य मापदण्डलाई पूर्ण पालना गराउन जोड दिनेछ। यसर्थ शितलहर तथा नियमित भइरहने विपद्को समयमा मानवीय सहायतालाई प्रभावकारी रुपमा अघि बढाउन आवश्यक छ। त्यसैले स्थानीय विपद्को सामना गर्ने क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रम र योजना मध्ये आपतकालीन समयमा मानव जीवनको रक्षा र महत्वपूर्ण सम्पत्तिको संरक्षण गर्ने उद्देश्यका लागि स्थानीय विपद् व्यवस्थापन समिति राजापुर नगरपालिका संम्बन्धी आपतकालीन योजना **(Action Plan for Cold Wave Management)** तयार गरी यसलाई महत्वपूर्ण दस्तावेजको रुपमा ग्रहण गरेको छ।

विपद्को समयमा विपद् प्रभावितको जीवन र बहुमूल्य सम्पत्तिको संरक्षण तथा सुरक्षा गरी मानिस माथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न राजापुर नगरपालिकामा उपलव्ध साधन/स्रोतको अधिकतम उपयोग गर्दै प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी र जवाफदेहीयुक्त तरिकाले मानवीय सहयोग उपलब्ध गराउनु तथा विपद् जोखिम न्यूनीकरणका कार्यलाई संस्थागत रूपमा प्रबर्द्धन गर्नु आवश्यक छ।

## ७ समन्वय तथा जिम्मेवारी

- स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा उल्लेख भए वमोजिमका क्षेत्रगत निकाय सवैले कार्ययोजना तयार पारि शितलहरको पूर्वतयारी तथा प्रतिकार्यको काममा तयार रहने।
- शितलहर प्रभावितहरूलाई विना भेदभाव राहत उपलव्ध गराउने र सो क्रममा विशेषगरी बालबालिका**,** जेष्ठनागरिक**,** अपाङ्गता**,** सुत्केरी तथा गर्भवती महिला, गरिबीको चपेटामा परेका व्यक्तिलाई प्राथमिकता दिएर उद्धार एवं मानवीय सहयोग उपलब्ध गराई मानव जीवन रक्षा गर्नै ।

- शितलहरको प्रभावबाट सुरक्षित राख्ने उपायहरुको सम्वन्धमा स्थानिय स्तरमा विपद् व्यवस्थापन सम्वन्धि कार्य गर्ने सवै सरकारी तथा गैरसरकारी संघ सस्थाहरु समेत जोखिम न्यूनीकरण सम्बन्धी क्रियाकलापमा सक्रिय रहने।
- Covid-19 बाट सक्रमित तथा आइसोलेसनमा रहेका व्यक्तिहरुको स्वाथ्य अवस्थामा सुधार ल्याउन आवश्यक विशेष प्रवन्ध मिलाउने।
- Covid-19 को सक्रमण जाडोयाममा झनै बढ्ने विज्ञहरुको राय अनुसार सो को प्रभावकारी नियन्त्रण गर्न जोखिम न्यूनीकरणका लागि योजना तर्जुमा लगायतका आवश्यक व्यवस्था मिलाउने।
- विपद्को समयमा संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, वडास्तरिय विपद् सम्वन्य समिति, दातृ निकाय, सबै क्षेत्र, निजी सहयोगी संस्थाहरु तथा नागरिक  समाजविच समन्वय कायम गर्ने।
- नियमित रूपमा अनुगमन गरी सबै विषयगत क्षेत्रहरूलाई परिचालन गर्नु र पृष्ठपोषण दिनु।
- शितलहरबाट प्रभावित हुन सक्ने क्षेत्र, गाउँ, टोल, परिवारहरुको पहिचान गरी राहत तथा उद्धारको लागि स्थानीय सहयोगी संस्थाहरु को समन्वयमा सवै सरोकारवाला निकायहरुलाई विशेष गरेर दाउरा, कम्बल, न्यानो कपडा, बिजुली बत्ती उपलब्ध गराउने, हिटरको व्यवस्थापन गर्ने जस्ता सामाग्रीहरुको पूर्व प्रवन्ध गरी तयारी अवस्थामा राख्ने र राख्ने व्यवस्था मिलाउने।
- जाडोयाममा हुन सक्ने स्वास्थ्य सम्वन्धि समस्यालाई न्यूनीकरण गर्न स्वास्थ्य कार्यालय र सम्वन्धित वडाहरुले जनचेतनामूलक कार्यक्रम तत्काल संचालन गर्ने र स्वास्थ्यकर्मी तथा औषधीहरु तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउने।
- शितलहरबाट सुरक्षित रहनका लागि सचेतनात्मक सन्देशमूलक सूचना एवम् जानकारी स्थानीय संचार माध्यम मार्फत स्थानीय भाषामा समेत उक्त सन्देशमुलक सामाग्रीहरु प्रशारण गर्न स्थानीय संचार माध्यम, वडा तह, स्वास्थ कार्यालय र गैरसरकारी संघ/संस्था तथा निकायवाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने।
- शीतलहरको समयमा हुस्सुका कारण दृश्य प्रस्ट नदेखिने भएका कारण सवारी साधन दुर्घटना हुन सक्ने हुँदा स्थानीय ट्राफिकको सक्रियताका साथ सवारी साधनको गति सिमितताको अनुगमनको कार्य गर्ने।
- शीतलहर तथा जाडोयाममा समयमै पूर्वसूचना समुदाय स्तरमा पुर्याउन जल तथा मौसम विभागको बुलेटिन अनुसारको सूचना सम्प्रेषण गरी पूर्व अनुमानका आधारमा गतिविधि सञ्चालन गर्ने।
- स्थानीय बासिन्दाहरु आफूले पनि विहानको समय र साँझको समयमा हुस्स बढी हुने भएकाले आफ्नो काम गर्ने समयलाई परिवर्तन गर्ने।
- स्कूलका विद्यार्थीहरुले आफ्नो पठनपाठनको समयमा न्यानो कपडाहरु लगाई स्कूल जाने र आउने गर्नुका साथै विद्यालयहरुले पनि सकेसम्म न्यानो कोठा बनाई विद्यार्थीहरूको पठनपाठनलाई संचालन गर्ने।

## ८ पूर्वतयारी प्राथमिकता

- राजपुर नगरपालिका भित्र पर्ने सबै वडास्तरीय विपद् व्यवस्थापन समितिहरुलाई शितलहर पूर्वतयारी कार्यशाला संचालन गर्ने/गर्न लगाउने र जनचेतना मुलक कार्य गर्न सहयोग गर्ने।
- विपद् पूर्वतयारी सम्बन्धी अभिमुखीकरण गर्ने/गराउने।
- बिपद्संग सम्बन्धित सरोकारवाला निकायहरुसंग समन्वय बैठक गर्ने।
- वडा तहका संकटासन्न क्षेत्रको नक्साकन गर्ने।
- विषयगत समितिहरुको नियमित बैठक गर्ने/गराउने।
- नगरपालिकामा थप ५,००० न्यानो कपडा सेट व्यवस्थापनका लागि सरोकारवाला निकायमा पहलगर्ने।

- सवै वडा तहका सरोकारवाला निकायसंग समन्वय गरि आवश्यक पर्ने दाउरा पहिले नै जोहो गरी राख्ने/राख्न लगाउने।
- स्थानिय एफ.एम हरुवाट जनचेतनामुलक सामाग्रीहरु प्रसारण गर्ने/गराउने।
- जल तथा मौसम विज्ञान विभागले जारि गर्ने ३ दिने बुलेटिन बमोजिमको जानकारी सम्बन्धित निकायहरुलाई उपलब्ध गराउने व्यवस्था मिलाई सोहि अनुरुपको पूर्वतयारी गर्न परिचालित गर्ने/गराउने।
- विपन्न परिवारहरूको पहिचान गरी हिटरको व्यवस्था गर्ने र बिजुलीको बिल समेत तिर्न नपर्ने गरी वडास्तरमा विपद् व्यवस्थापन समितिसित समन्वय गर्ने र गराउने।
- वडास्तरमा न्यानो भवनहरूको व्यवस्थापन गर्ने र गर्न लगाउने।
- विपन्न परिवारको पहिचान गरि न्यानो कपडा जस्तै जाकेटहरू उपलब्ध गर्ने र गराउने।
- स्थानीयस्तरमा रहेका सम्पन्न परिवारहरूले दिन सक्ने अवस्था भएमा न्यानो कपडाहरु उपलब्ध गराई सो कपडालाई सरसफाई गरी विपन्न परिवारहरुलाई उपलब्ध गराउने।

## ९ न्युनतम तापक्रमको इतिहास

बर्दिया जिल्ला एक तराई भूभागमा अवस्थित रहेको ठाउँ हो। जहाँ एकै किसिमको मौसम पाइने गर्दछ। यस राजापुर नगरपालिकामा कुनैपनि तापक्रम मापन गर्ने केन्द्र नभएका कारण बर्दिया जिल्लामा पर्ने चिसापानी, रानीजमरा र गुलरिया स्टेसनबाट तल प्रस्तुत गरिएको तापक्रमको विवरण राखिएको छ। जाडो विशेषगरी अंग्रेजी महिनाको डिसेम्बर, जनवरी र फेब्रुअरी मा पर्ने गर्छ भने नेपाली महिनामा पुस, माघ र फागुन पर्ने गर्दछ यही तीन महिनाको आधारमा निम्न डाटाहरु प्रस्तुत गरिएको छ। प्रस्तुत तापक्रमको न्यूनतम तापक्रम पाँच-पाँच वर्षको अन्तरालमा राखिएको छ।

| वर्ष | डिग्री (न्यूनतम तापक्रम) से० | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चिसापानी | | | रानीजमरा | | | गुलरिया | | |
| | डिसेम्बर | जनवरी | फेब्रुअरी | डिसेम्बर | जनवरी | फेब्रुअरी | डिसेम्बर | जनवरी | फेब्रुअरी |
| १९६५ | ९ | ९ | १० | - | - | - | - | - | - |
| १९७० | ९ | ९ | ९ | - | - | - | - | - | - |
| १९७५ | ९ | ६ | ९ | २ | ५ | ४ | - | - | - |
| १९८० | ११ | ९ | ७ | ६ | ३ | ४ | - | - | - |
| १९८५ | ९ | ९ | ११ | ७ | - | - | - | - | - |
| १९९० | १० | ७ | ८ | ६ | ३ | ७ | - | - | - |
| १९९५ | १० | ८ | ११ | ६ | ४ | ६ | - | - | - |
| २००० | १० | ९ | १० | ६ | ४ | ५ | - | - | - |
| २००५ | १० | - | - | ५ | ३ | ८ | - | - | - |
| २०१० | ९ | ७ | ८ | ८ | ७ | ९ | ६ | - | - |
| २०१५ | ८ | ८ | १० | ६ | - | - | ३ | ४ | ५ |
| २०१८ | ६ | ६ | १० | १० | ७ | ७ | १ | ३ | ४ |
| २०२० | - | - | - | - | - | - | - | ६ | ४ |

हालसम्मको बर्दिया जिल्लामा तीनवटा मौषम मापन केन्द्रको अनुसार २०१८ सालको डिसेम्बर महिना हालसम्मकै सबैभन्दा न्यूनतम (१° C) तापक्रम रहेको देखिन्छ. *(स्रोत: मौसम पूर्वानुमान प्रभाग)*

## १० राजापुर नगरपालिकामा परिचालन हुनसक्ने जनशक्ति क्षमता

| वडाहरु | निकाय | | कैफियत |
|---|---|---|---|
| | स्वय सेवक/राष्ट्र सेबक | स्वास्थ्यकर्मी | |
| १. | १०० जना स्वयंसेवक/सेवकराष्ट्रहर शितलहरको बेलामा व्यवस्थापन गर्न सकिने हिसाबमा खटिन सक्ने नगरपालिकालाई उपलब्ध गराएको आधारमा प्रस्तुत गरिएको छ। | ८ | स्वयंसेवक राष्ट्रसेवक भन्नाले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, रेडक्रस तथा अन्य गैर सराकारी संघ सस्थाहरु र स्थानीय अगुवाहरूका साथै अरु थुप्रै संघसंस्थाहरु मा खटिएका व्यक्तिहरु भन्ने बुझिने छ। |
| २. | | १० | |
| ३. | | ४ | |
| ४. | | १९ | |
| ५. | | ९ | |
| ६. | | १० | |
| ७. | | ४ | |
| ८. | | ४ | |
| ९. | | ९ | |
| १०. | | ८ | |
| जम्मा | १०० | ८५ | १८५ |

## ११ राजापुर नगरपालिकामा उपलब्ध राहत सामाग्री विवरण

| निकाय | कम्मल | न्यानो कपडा | त्रिपाल | दाउरा | कैफियत |
|---|---|---|---|---|---|
| नगरपालिका | ५० | ० | १४८ | ० | ५० लाख आपतकालीन कोषमा व्यवस्थापन गरिएको छ। अरु राहत सामग्रीहरु खरिद गर्नुपरेको खण्डमा आपतकालिन कोष संचालन बाट रकम विनियोजन गरिनेछ। |
| वडाहरु | ० | ० | ० | ० | शितलहरको समयमा आवश्यकता अनुसार व्यवस्थापन गर्न सकिने आश्वासन दिइएको। |
| नेपाल रेडक्रस सोसाइटी, बर्दिया | ० | ० | ० | ० | शितलहरको समयमा आवश्यकता अनुसार व्यवस्थापन गर्न सकिने आश्वासन दिइएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| अन्य गैर सराकारी संघ सस्थाहरु | ० | ० | ० | ० | शितलहरको समयमा आवश्यकता अनुसार व्यवस्थापन गर्न सकिने आश्वासन दिइएको। |
| जम्मा | ५० | ० | १४८ | ० | |

# १२ राजापुर नगरपालिकामा रहेका निकायहरूको भूमिका तथा जिम्मेवारी

| क्र.सं. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १. | राजापुर नगरपालिका | नगर प्रमुख | समन्वयात्मक र नेतृत्वदायी भूमिका निर्वाह गर्ने।<br>आवश्यकता अनुसार क्षेत्रिय तथा केन्द्रिय स्तरमा सहयोगका लागि समन्वय गर्ने।<br>विषयगत क्षेत्रसग समन्वय गरि राहत कार्यमा सहयोग गर्ने।<br>(मानवीय, आर्थिक, भौतिक सामग्रीका लागि समन्वय)। |
| २. | राजापुर नगरपालिका | नगर उपप्रमुख | समन्वयात्मक र नेतृत्वदायी भूमिका निर्वाह गर्ने। |
| ३. | राजापुर नगरपालिका | प्रमुख शासकीय अधिकृत | समन्वयात्मक कार्यमा सहयोग गर्ने। |
| ४. | स्थानीय विपद् व्यवस्थापन समिति | प्रमुखहरु | न्यानो कपडा तथा कम्मल जस्ता सामग्री संकलन वितरण र व्यवस्थापनमा सघाउने।<br>आवश्यक सहयोग गर्ने।<br>समन्वयात्मक कार्यमा सहयोग गर्ने।<br>आर्थिक, भौतिक, मानविय श्रोत परिचालन तथा समन्वय गर्ने।<br>नेतृत्वदायी भूमिका निर्वाह गर्ने। |
| ५. | वडास्तरिय विपद् व्यवस्थापन समिति | वडा प्रमुखहरु | कार्यकर्ता एवं जनपरिचालन गर्ने।<br>स्रोत संकलनमा सहयोग।<br>समन्वय।<br>आपसी सदभाव र सहयोग कायम गराउने। |

| | | | |
|---|---|---|---|
| ६. | विपद् फोकल पर्सन (राजापुर नगरपालिका) | खुसीराम थारु | ✚ सूचना तथा तथ्यांक संकलन र व्यवस्थापन।<br>✚ समन्वय।<br>✚ सम्प्रेषण। |
| ७. | सुरक्षा निकायहरु | प्रमुख तथा प्रतिनिधि | ✚ सुरक्षा व्यवस्था गर्ने।<br>✚ विषयगत समितीमा रहि सहयोग गर्ने।<br>✚ राहत वितरणमा सहजीकरण गर्ने।<br>✚ आपतकालीन उद्दार कार्यमा द्रुतता साथ परिचालन हुने। |
| ८. | राजनैतिक दलहरू | दलका प्रमुखहरू | ✚ समन्वय।<br>✚ स्रोत संकलनमा सहयोग।<br>✚ कार्यकर्ता एवं जनपरिचालन गर्ने।<br>✚ आपसी सदभाव र सहयोग कायम गराउने। |
| ९. | स्थानीय आपतकालिन कार्य संञ्चालन केन्द्र | खुसीराम थारु | ✚ सूचना संकलन, समन्वय, संप्रेषण।<br>✚ तथ्यांक ब्यवस्थापन।<br>✚ राहत वितरणको समन्वय गर्ने।<br>✚ आवश्यकता र उपलब्धताको फरक पहिचान गरी जानकारी गराउने। |
| १०. | नेपाल रेडक्रस सोसाइटी | सभापति: माया भट्टराई | ✚ राहत, खाद्यसामाग्री तथा अस्थाई आवास ब्यवस्थापन।<br>✚ आपतकालीन आवास तथा बन्दोबस्ती व्यवस्थापनमा सहयोग गर्ने। |
| ११. | नगरका विषयगत शाखा/उपशाखा | प्रमुखहरु | ✚ विषयगत समितीमा रहि क्षेत्रगत अगुवा भूमिका निर्वाह गर्ने।<br>✚ सम्बन्धित कार्यालयको आपत्कालिन योजना निर्माण गर्ने।<br>✚ राहत वितरणको सहजीकरण गर्ने।<br>✚ सामग्री जुटाउने, समन्वय गर्ने। |
| १२. | उद्योग वाणिज्य संघ | अध्यक्ष | ✚ न्यानो कपडा तथा कम्मल जस्ता सामग्री संकलन वितरण र व्यवस्थापनमा सघाउने।<br>✚ आवश्यक सहयोग गर्ने। |
| १३. | यातायात व्यवसायी तथा प्रा.लि.हरु | अध्यक्ष | ✚ राहत तथा उद्धार कार्यका लागि यातायातका साधनहरु र आवश्यकता अनुसार जन शक्ति उपलब्ध गराउने। |
| १४. | संचार माध्यमहरु | सञ्चारकर्मीहरु | ✚ सूचना संकलन तथा सम्प्रेषण।<br>✚ सचेतनामुलक सुचना तथा समाचार सम्प्रेषण गरी जनचेतना अभिवृद्दि गर्ने। |
| १५. | नागरिक समाज | संयोजक | ✚ राहत कार्यमा सहयोग तथा समन्वय। |

| | | | |
|---|---|---|---|
| | | मानव अधिकारको संरक्षण तथा समाधानमा सहयोग पुर्याउने। |
| १६. | पेशागत व्यवसायी समतिहरु | अध्यक्ष | राहत संकलन, वितरण र उद्धार तथा संरक्षण कार्यमा सहयोग गर्ने। |
| १७. | गै.स.स.महासंघ, राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स. | प्रमुख तथा प्रतिनिधि | मानव स्रोत परिचालन गर्ने।<br>स्रोत साधन संकलनमा सहयोग गर्ने।<br>गै.स.स .वीच समन्वय।<br>क्षमता विकास तथा सहजिकरण कार्य गर्ने।<br>जनचेतना जगाउने। |
| १८. | राजापुर प्राथमिक स्वास्थ्य चौकी | प्रमुख | शितलहर एवं जाडोयाममा हुने रोगब्याधि उपचारका लागि प्रयाप्त तयारी अबस्थामा रहने।<br>लक्षण सहितका Covid-19 सङ्क्रमितको जाच/परिक्षण र उपचारको लागि उपलब्ध श्रोत साधन भित्र अधिकतम व्यवस्था मिलाई तयारी अबस्थामा रहने।<br>आवश्यक समन्वय गरी श्रोत साधन जुटाउने/परिचालन गर्ने। |
| १९. | वडा स्तरीय स्वास्थ्य चौकीहरुको कार्यालय | प्रमुख | Covid-19 समेतलाई मध्येनजर राखी बिषयगत क्षेत्रको अगुवा भूमिका निर्बाह गर्ने।<br>वडा स्थित स्वास्थ सस्थाहरुलाई आवश्यक सहयोग उपलब्ध गराउदै सक्रिय रास्ने।<br>श्रोत साधन जुटाउने, समन्वय एवं परिचालन गर्ने। |

## १३ प्रतिकार्य सम्बन्धी क्रियाकलापको विवरण

| क्र.सं. | क्रियाकलाप | कसले | कहाँ |
|---|---|---|---|
| १. | न्यानो कपडा संकलन | नगरपालिक, वडास्तरीय विपद् व्यवस्थापन समित र बिभिन्न अरु संघसंस्थाहरु को सहयोग मार्फत न्यानो कपडा व्यवस्थापन, कम्मल लगायतका बस्त्र संकलन/ वितरण। | आवश्यकताअनुसार नगरका विभिन्न क्षेत्रहरुमा |
| २. | पोषिलो खाद्यवस्तु व्यवस्थापन | नगरपालिक र वडास्तरीयमा रहेका विभिन्न स्वास्थ्य शाखाहरुले उपलब्ध गराउने। | आवश्यकताअनुसार नगरका विभिन्न क्षेत्रहरुमा |
| ३. | हिटरको व्यवस्थापन | नगरपालिक, वडास्तरीय विपद् व्यवस्थापन समित र बिभिन्न अरु संघसंस्थाहरु को सहयोग मार्फत। | प्रभावित क्षेत्रमा |

| | | | |
|---|---|---|---|
| ४. | राहत वितरण | स्थानीय र वडास्तरीय विपद् व्यवस्थापन समित, सुरक्षाकर्मी, नेपाल रेडक्रस सोसाइटी र उद्योग वाणिज्य संघ साथै अन्य सहयोगी सस्थाहरु। | प्रभावित क्षेत्रमा |
| ५. | दाउरा संकलन | नगरपालिकामा रहेका विभिन्न वन उपभोक्ता समिति, सामुदायिक वन तथा सहयोगी संघ सस्थाहरु संग समन्वय गरी व्यवस्थापन र वितरण। | आवश्यकताअनुसार नगरका विभिन्न क्षेत्रहरुमा |
| ६. | विपद् सम्बन्धी सुचना तथा जनचेतना | स्थानीय आपतकालीन कार्य संचालन केन्द्र, स्वास्थ्य कार्यालय, स्थानीय संचार माध्यमहरु। | नगरभरी |
| ७. | सुचना व्यवस्थापन | स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र। | नगरभरी |
| ८. | एम्वुलेन्स सेवा | एम्बुलेन्स उपलब्ध भएका सरकारी र प्राइभेट संस्थाहरु। | नगरभरी |

## १४ राजापुर नगरपालिकामा रहेका अगुवा सदस्य हरूको विवरण

| क्र.सं. | स्थानीय तहमा रहेका नेतृत्व गर्ने निकायहरु | सम्पर्क व्यक्ति | फोन मोबाईल |
|---|---|---|---|
| १. | नगरप्रमुख | शिव प्रसाद चौधरी | ९८५८०२७१६७ |
| २. | नगर उपप्रमुख | मनकला चौधरी | ९८५८०८५३०१ |
| ३. | प्रमुख प्रशासकीय अधिकृत | वसन्तराज अधिकारी | ९८५८०६९१११ |
| ४ | वडा न. -१ प्रमुख | खुसीराम चौधरी | ९८५८०६०३०१ |
| ५ | वडा न. -२ प्रमुख | धनवीर चौधरी | ९८५८०६०३०२ |
| ६ | वडा न. -३ प्रमुख | विष्णुप्रसाद खनाल | ९८५८०५०३०३ |
| ७ | वडा न. -४ प्रमुख | रमण रेग्मी | ९८५८०६०३०४ |
| ८ | वडा न. -५ प्रमुख | राम बहादुर थारु | ९८५८०६०३००५ |
| ९ | वडा न. -६ प्रमुख | महेश चौधरी | ९८५८०६०३०६ |
| १० | वडा न. -७ प्रमुख | मथुरा प्रसाद चौधरी | ९८५८०६०३०७ |
| ११ | वडा न. -८ प्रमुख | चिन्तामणि आचार्य | ९८५८०६०३०८ |
| १२ | वडा न. -९ प्रमुख | विष्णु थारु | ९८५८०६०३०९ |
| १३ | वडा न. -१० प्रमुख | दयाशंकर थारु | ९८५८०६०३१० |
| १४ | विपद् फोकल पर्सन | खुशिराम थारु | ९८४८१७०५८१ |
| १५ | स्वास्थ्य प्रमुख | गणेश अर्याल | ९८४८०६५२९७ |
| १६ | विपद् विज्ञ | रविन शर्मा | ९८५११२४९८० |
| १७ | राजापुर प्राथमिक स्वास्थ्य चौकी | | ०८४-४६०११० |
| १८ | जिल्ला पर्शासन कार्यालय, राजापुर | नारायण पौडेल | ९८५८७४२२११ |
| १९ | नेपाल प्रहरी, राजापुर | | ९८५८०९०५३०, ०८४-४६०१९९ |

| | | | |
|---|---|---|---|
| २० | सशस्त्र प्रहरी बल,राजापुर | | ९८५१२७२४८० |
| २१ | वडा न. -१ स्वास्थ्य | | ९८०४५५८५०० |
| २२ | वडा न. -२ स्वास्थ्य | | ९८४४८३७०४५ |
| २३ | वडा न. -३ स्वास्थ्य | | ९८६९७१०५८१ |
| २४ | वडा न. -४ स्वास्थ्य | | ०८४-४६०११० |
| २५ | वडा न. -५ स्वास्थ्य | | ९८४८४४३३९६ |
| २६ | वडा न. -६ स्वास्थ्य | | ९८६८१११४१४ |
| २७ | वडा न. -७ स्वास्थ्य | | ९८४८१५३१८३ |
| २८ | वडा न. -८ स्वास्थ्य | | ९८४८२२१३७३ |
| २९ | वडा न. -९ स्वास्थ्य | | ९८६३१९९९६१ |
| ३० | वडा न. -१० स्वास्थ्य | | ९८४८०६६६१० |
| ३१ | एम्बुलेन्स, राजापुर | | ९८६८१०६९८०, ९८१४५९३६०७ |
| ३२ | वडा न. -१ सदस्य | सिता कुमारी थरुनी | ९८५८०४६००३ |
| ३३ | वडा न. -२ सदस्य | अर्नब प्रसाई | ९८८०८०८५२ |
| ३४ | वडा न. -३ सदस्य | लौटन थारु | ९८४८०६५५४९ |
| ३५ | वडा न. -४ सदस्य | दसैया थारु | ९८४८०६५२८६ |
| ३६ | वडा न. -५ सदस्य | बनवारी लाल थारु | ९८६९७०६७८३ |
| ३७ | वडा न. -६ सदस्य | ठाकुर कुमार चौधरी | ९८१४५३१००८ |
| ३८ | वडा न. -७ सदस्य | रत्नाकार राना | ९८४८१२५५०५ |
| ३९ | वडा न. -८ सदस्य | अशोक कुमार थारु | ९८१४५२१८२९ |
| ४० | वडा न. -९ सदस्य | रवीन्द्र मल्ला | ९८४८१४४८५८ |
| ४१ | वडा न. -१० सदस्य | शोभा थापा | ९८०२५५५३५७ |
| ४२ | रेडक्रस, राजापुर | सूर्यनारायण धिमेरे | ९८६७९६९१३३ |
| ४३ | सामुदायिक वन, राजापुर | शर्मा चौधरी | ९८६८१०६५५५ |
| ४४ | सञ्चार, राजापुर | | ०८४-४६००५५ |
| ४५ | दमकल, राजापुर | इन्द्र चौधरी | ९८६८२३६८४४ |

## १५ शितलहरवाट जोखिम न्यूनिकरण गर्ने पूर्व तयारीहरु

**क) राजापुर नगरपालिका र वडा विपद् व्यवस्थापन समिति मार्फत गर्ने :**

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौ।
- शितलहरको समयमा घर बाहिर खुल्ला स्थानमा धैरै समय नविताऔं।
- रातको समयमा न्यानो सिरक, कम्मल जस्ता ओड्ने प्रयोग गरौं।
- शितलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राखौं, छाती र टाउकोलाई विशेष गरेर चिसोवाट जोगाऔं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्तमात्रामा तातो खाने झोलिलो खानेकुराहरु खाने गरौं।

- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउऔ, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔ।
- शितलहर चलेको बेलामा घरेलु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने व्यवस्था मिलाऔ, गोठ अथवा टहरामै राखेर प्रर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔ।
- चिसोको कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि व्यवस्था मिलाऔ।
- चिसो मौसममा Covid-19 को सक्रमण बढी हुने हुदा स्वास्थ्य सम्बन्धि मापदण्ड अपनाउने गरौ।
- चिसोका कारण पुशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने व्यवस्था मिलाऔ।
- कोठा भित्र आगो वाली तातो पार्दा प्रर्याप्त भेण्टिलेशनको व्यवस्था मिलाउने गरौ।
- स्कुले विद्यार्थीहरूको पठनपाठनलाई संचालन गर्ने क्रममा सकेसम्म तातो कोठा बनाई विद्यार्थीहरूको पठनपाठनलाई संचालन गर्ने र गराउने।
- स्कुले बिद्यार्थीहरुलाई न्यानो कपडा लगाई स्कूल जान को लागि जानकारीमुलक सन्देशहरु प्रभा गर्ने।

ख) सम्वन्धित क्षेत्रगत अगुवा निकायले प्रचार प्रसारका लागि उपयुक्त सामाग्रीहरु तयार गरी मातहतका निकायहरुलाई परिचालन गर्ने।

ग ) शितलहरको प्रभाव न्यून गर्न नगर र वडा स्तरीय विपद् व्यवस्थाप समितिहरुले जोखिममा रहेका विपन्न तथा गरीव परिवारहरुको पहिचान गरी विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी तथा अन्य सहयोगी सस्थाहरुको समन्वयमा पर्याप्त मात्रामा इन्धन, दाउरा तथा न्यानो कपडा लगायत कम्बलहरु वितरणको व्यवस्था मिलाउने।

राजापुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय